वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७, ९८५६०६०३७६

Email : bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

वर्ष ४५ अंक २५ | २०८३ वैशाख २९ गते मंगलबार, नेपाल सम्वत् ११४६ May 12, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



## बारीमा मकै छर्दै महिला

दाङको घोराही उपमहानगरपालिका-१३ स्थित कलमघारी गाउँका स्थानीय महिला गोरू र हलोको सहायताले बारी जोतेर परम्परागत तरिकाबाट मकै छर्दै। पुरुष वैदेशिक रोजगारी तथा अन्य कामका लागि बाहिर गएपछि गाउँघरमा महिलाले खेतीपातीसहित पुरूषले गर्ने धेरै कामको जिम्मेवारी सम्हाल्दै आएका छन् ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# आगामी आवको नीति तथा कार्यक्रम सार्वजनिक

## सुशासन, डिजिटल अर्थतन्त्र, संविधान संशोधन र आर्थिक सुधारमा सरकारको जोड

भञ्ज्याङ समाचारदाता/काठमाडौं

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि व्यापक आर्थिक सुधार, सुशासन, डिजिटल रूपान्तरण, कृषि आधुनिकीकरण, पूर्वाधार विस्तार, ऊर्जा विकास तथा सामाजिक सुरक्षा केन्द्रित नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो। स्पष्ट बहुमतसहित गठन भएको वर्तमान सरकारले आगामी दशकलाई आर्थिक रूपान्तरणको आधार वर्षका रूपमा अघि बढाउने घोषणा गरेको छ। सरकारले भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता, सार्वजनिक सेवा प्रवाहमा सुधार, संविधान संशोधनका साझा विषय पहिचान, डिजिटल अर्थतन्त्र निर्माण र उत्पादनमुखी आर्थिक प्रणाली विकासलाई प्राथमिकतामा राखेको छ।



**संविधान संशोधन र सुशासनमा जोड**

सरकारले राजनीतिक दलहरूसँग संवाद र सहकार्यका आधारमा संविधान संशोधनका साझा विषय पहिचान गरी "संविधान संशोधन बहस पत्र" तयार गरिने जनाएको छ। शासकीय सुधारका एक सय कार्यसूचीलाई निरन्तरता दिँदै पूर्ण कार्यान्वयनमा जोड दिइने उल्लेख गरिएको छ।

नीति तथा कार्यक्रममा आगामी दशकमा औसत सात प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ। यसका लागि "नयाँ चरणको आर्थिक सुधार श्रृंखला" अन्तर्गत कानुनी तथा संस्थागत सुधार गरिने सरकारको योजना छ। उत्पादन लागत घटाउने, व्यवसाय गर्ने वातावरण सहज बनाउने, स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने तथा निजी क्षेत्रमैत्री वातावरण निर्माण गर्ने नीति लिइएको छ।

**नगदरहित अर्थतन्त्र र कर सुधार**

सरकारले सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गर्दै नगदरहित अर्थतन्त्र निर्माण गर्ने घोषणा गरेको छ। राजस्व चुहावट नियन्त्रण, स्वचालित कर प्रणाली, डिजिटल राजस्व प्रशासन र कर विवाद समाधानलाई प्रविधिमैत्री बनाइने नीति लिइएको छ।

उद्यमी तथा मध्यम वर्गीय परिवारमाथिको कर बोझ घटाइने उल्लेख गर्दै सरकारले कर संरचनाको पुनरावलोकन गर्ने जनाएको छ। विभिन्न छरिएका शुल्कलाई एकीकृत गर्दै "हरित कर प्रणाली" लागू गर्ने योजना पनि सार्वजनिक गरिएको छ।

**सहकारी, बैंकिङ र पुँजी बजार सुधार**

समस्याग्रस्त सहकारी संस्थाका बचतकर्ताको रकम फिर्ता गर्न "एकीकृत बचतकर्ता सुरक्षण कोष" स्थापना गरिने भएको छ। कर्जा सूचना प्रणालीलाई सुदृढ गर्दै मिटरब्याज तथा आर्थिक अपराध नियन्त्रण गर्ने नीति लिइएको छ। पुँजी बजारलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार विकास गर्न नेप्से तथा क्लियरिङ प्रणाली पुनर्संरचना गरिनेछ। गैरआवासीय नेपाली, बिमा कम्पनी, पेन्सन कोष तथा संस्थागत लगानीकर्ताको सहभागिता विस्तार गर्ने सरकारको योजना छ।

**सूचना प्रविधि र डिजिटल नेपाल**

सरकारले सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरेको छ। सफ्टवेयर, डिजिटल सेवा, क्लाउड सेवा, साइबर सुरक्षा तथा एआई प्रविधिलाई प्राथमिकता दिइने नीति तथा कार्यक्रममा उल्लेख छ। डिजिटल पार्क, उच्च क्षमताका डाटा सेन्टर तथा सार्वजनिक डिजिटल पूर्वाधार विकास गरी

बाँकी तेश्रो पेजमा

# म्याग्देका ९६ श्रमिक मजदुर कोषमा सूचीकृत

भञ्ज्याङ समाचारदाता/म्याग्दे

तनहुँको म्याग्दे गाउँपालिकाले ९६ जना श्रमिकलाई मजदुर कोषमा सूचीकृत गरेको छ। गाउँपालिकाको लक्ष्यअनुरूप अनौपचारिक क्षेत्रका श्रमिकहरूको आर्थिक अवस्था सबल बनाउन गाउँपालिकाले दुई चरणमा गरी ती श्रमिकलाई मजदुर कोषमा सूचीकृत गरेको हो ।

चालु आर्थिक वर्षमा गाउँपालिकाले पहिलो चरणमा ६६ र दोस्रो चरणमा ३० जना श्रमिकलाई मजदुर कोषमा सूचीकृत गरिसकेको छ । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ र उपाध्यक्ष बालकृष्ण घिमिरेले श्रमिकलाई मजदुर कोषमा सूचीकृत गरिएको प्रमाणपत्र हस्तान्तरण गरेका थिए।



मजदुर सञ्चित कोष सञ्चालन कार्यविधि, २०८१ को दफा १२ बमोजिम गठित वडास्तरीय विपन्न मजदुर छनोट समितिले दफा १३ को उपदफा १ बमोजिम सिफारिस गरेको अङ्कलाई गाउँपालिका मजदुर सञ्चित कोष सञ्चालन तथा विपन्न मजदुर छनोट समितिले पुनरावलोकन गरी मजदुरलाई सञ्चित कोषमा आबद्ध गराउने निर्णय गरेको थियो । जीवनभर अर्काका लागि श्रम गर्ने तर अप्ठ्यारो परेका बेला कोही नहुने तथा आर्थिक अवस्था कमजोर हुने विपन्न मजदुर वर्गलाई लक्षित गरी गाउँपालिकाले मजदुर सञ्चित कोष कार्यान्वयन गरिएको गाउँपालिकाका अध्यक्ष श्रेष्ठले बताए ।

दैनिक आठ सयदेखि एक हजार ५०० रूपैयाँसम्म आम्दानी गर्ने भए पनि न्यून बचतका कारण संकटको अवस्था सामना गर्न असहज हुने तथा शिक्षा, स्वास्थ्य, आवासलगायत मानवीय एवं सामाजिक विकासको अवस्था कमजोर भएका मजदुर वर्गका लागि यो 'म्याग्दे गाउँपालिकाको मजदुर सञ्चित कोष सञ्चालन कार्यविधि, २०८१' कोषको स्थापना गरिएको हो । मजदुर वर्गलाई लक्षित गरी गाउँपालिकाले मजदुर

बाँकी दोश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# ग्रामीण पर्यटन समृद्धिको आधार

नेपालको पर्यटन विकासको चर्चा गर्दा हिमाल, पहाड र तराईका प्राकृतिक दृश्यहरु प्रायः अग्रपङ्क्तिमा आउँछन्। तर पछिल्ला वर्षहरुमा पर्यटनको स्वरुप बदलिँदै गएको छ। पर्यटक अब केवल दृश्यावलोकनमा सीमित छैनन्; उनीहरु स्थानीय जीवनशैली, संस्कृति, खानपान र समुदायसँग प्रत्यक्ष अन्तरक्रिया गर्न चाहन्छन्। यही सन्दर्भमा 'होमस्टे' अर्थात् घरबास प्रणाली नेपालको ग्रामीण पर्यटनको मुटुका रुपमा स्थापित हुँदै गएको छ । होमस्टे केवल बसोबासको व्यवस्था मात्र होइन, यो स्थानीय समुदायको जीवनशैलीसँग प्रत्यक्ष जोडिने अनुभव हो। पर्यटकले स्थानीय परिवारसँगै बस्दै उनीहरुको दैनिक जीवन, परम्परा, संस्कृति र खानपानलाई नजिकबाट अनुभव गर्ने अवसर पाउँछन्। यसले पर्यटनलाई केवल आर्थिक गतिविधि मात्र नभई सांस्कृतिक आदानप्रदानको माध्यम पनि बनाएको छ । यसै अवधारणालाई थप व्यवस्थित, योजनाबद्ध र दीर्घकालीन बनाउने प्रयासस्वरुप तनहुँमा 'होमस्टे सर्किट' को विकास गरिएको छ। बन्दीपुर गाउँपालिका र व्यास नगरपालिका को संयुक्त पहलमा अघि बढाइएको बन्दीपुर–केशवटार होमस्टे सर्किट नेपालको ग्रामीण पर्यटनमा एउटा नयाँ अध्यायको रुपमा उदाएको छ । करीब ५० किलोमिटर चक्रीय दूरीमा फैलिएको यस सर्किटले २० वटा गाउँहरुलाई एकीकृत गर्दै पर्यटनको नयाँ सम्भावना उजागर गरेको छ। यसभित्र १३ वटा सामुदायिक होमस्टे मात्र होइन, अन्य सात गाउँहरु पनि समेटिएका छन्। यसको अर्थ पर्यटन अब एक ठाउँमा सीमित नभई बहुआयामिक र समावेशी रुपमा विस्तार हुँदैछ । यस सर्किटको विशेषता भनेकै यसको विविधता हो। यहाँ पर्यटकले धवलागिरी, अन्नपूर्ण, मनास्लु र लाङ्टाङ हिमश्रृंखलाका मनोरम दृश्य अवलोकन गर्न सक्छन्। साथै पहाडी तरेली, फाँट र वेसीहरुको सौन्दर्यले यात्रालाई अझ रमणीय बनाउँछ। तर यसभन्दा पनि महत्वपूर्ण पक्ष भनेको स्थानीय जीवनशैलीमा प्रत्यक्ष सहभागिता हो।

पर्यटकले यहाँ केवल हेर्ने मात्र होइन, गर्ने अवसर पनि पाउँछन्– जस्तै परम्परागत खेती प्रणालीमा सहभागी हुने, मौसमी फलफूल टिप्ने, स्थानीय चाडपर्वमा रमाउने, र विभिन्न जातीय समुदायहरुको संस्कृति अनुभव गर्ने । गुरुङ, मगर, नेवार, क्षेत्री र ब्राह्मण समुदायले सञ्चालन गरेका होमस्टेहरुले 'एक गाउँ, एक फरक अनुभव'को अवधारणालाई सार्थक बनाएका छन् । यसले पर्यटनलाई केवल मनोरञ्जनको माध्यमबाट माथि उठाएर सिकाइ, अनुभव र संवेदनाको माध्यममा रुपान्तरण गरेको छ। अझ, माउन्टेन बाइकिङ, पदयात्रा, ऐतिहासिक स्थलहरुको अध्ययन जस्ता गतिविधिहरुले यस सर्किटलाई बहुआयामिक बनाएको छ । तर यति मात्र पर्याप्त छैन। यस्तो महत्वपूर्ण परियोजनाको दीर्घकालीन सफलता सुनिश्चित गर्न योजनाबद्ध कार्यान्वयन अपरिहार्य हुन्छ। तीन चरणमा विभाजन गरिएको सर्किट विकास योजना सकारात्मक देखिन्छ। पहिलो चरणमा जनचेतना, नक्शाङ्कन र सूचना संकलन; दोस्रो चरणमा पूर्वाधार विकास र मानव स्रोत सुदृढीकरण; र तेस्रो चरणमा बजारीकरण तथा गतिविधि सञ्चालन– यी सबै पक्षहरु सन्तुलित रुपमा अघि बढ्न आवश्यक छ ।

विशेष गरी पूर्वाधार विकासमा ध्यान दिनु अत्यन्त जरुरी छ । सडक पहुँच, सञ्चार सुविधा, सरसफाइ, स्वास्थ्य सेवा र सुरक्षा व्यवस्थामा सुधार नगरी पर्यटनको दीर्घकालीन विकास सम्भव हुँदैन । त्यस्तै, स्थानीय जनशक्तिलाई तालिम र क्षमता विकासमार्फत दक्ष बनाउनु पनि उत्तिकै महत्वपूर्ण छ । बजारीकरण अर्को चुनौतीपूर्ण पक्ष हो । यस्ता सर्किटहरु राष्ट्रिय सीमाभित्र मात्र सीमित नभई अन्तर्राष्ट्रिय बजारसम्म पुग्नुपर्छ। डिजिटल प्रविधिको प्रयोग, प्रभावकारी प्रचारप्रसार र सहकार्यमार्फत यसलाई विश्व पर्यटन नक्सामा स्थापित गर्न सकिन्छ । यसका साथै, पर्यटन विकाससँगै स्थानीय संस्कृति र वातावरण संरक्षणको विषय पनि उत्तिकै संवेदनशील छ। अत्यधिक व्यावसायीकरणले मौलिकता गुम्ने खतरा हुन्छ। त्यसैले 'सस्टेनेबल टुरिज्म' अर्थात् दिगो पर्यटनको अवधारणालाई केन्द्रमा राखेर अघि बढ्नुपर्छ ।

बन्दीपुर–केशवटार होमस्टे सर्किटले नेपालमा ग्रामीण पर्यटनको सम्भावनालाई नयाँ उचाइमा पुऱ्याउने क्षमता राख्दछ। यदि यसलाई सही ढंगले कार्यान्वयन गर्न सकियो भने यसले स्थानीय अर्थतन्त्र सुदृढ गर्नुका साथै रोजगारी सिर्जना, संस्कृति संरक्षण र पर्यटन विविधीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ । अन्ततः, होमस्टे सर्किट केवल पर्यटन परियोजना मात्र होइन, यो ग्रामीण नेपालको समग्र विकासको मार्गचित्र हो। स्थानीय समुदायको सक्रिय सहभागिता, सरकारी निकायको प्रभावकारी समन्वय र निजी क्षेत्रको सहकार्यबाट मात्र यसको पूर्ण सफलता सम्भव छ । यही दिशामा दृढतापूर्वक अघि बढ्न सके, नेपालको ग्रामीण पर्यटनले नयाँ पहिचान बनाउने निश्चित छ ।

# गणतन्त्रमाथि बढ्दो चुनौती

नेपालको वर्तमान राजनीतिक अवस्था अनेक बहस र चिन्ताको केन्द्र बनेको छ। एकातिर राजनीतिक दलप्रति जनताको असन्तोष बढ्दो छ भने अर्कोतिर लोकतान्त्रिक मूल्य, संविधानको भविष्य र शासनशैलीबारे गम्भीर प्रश्न उठ्न थालेका छन्। पछिल्ला दिनमा "निर्दलीय सोच", "केन्द्रीकृत सत्ता" र "निरंकुश प्रवृत्ति" जस्ता विषय सार्वजनिक बहसका प्रमुख मुद्दा बनेका छन्।

आज गणतान्त्रिक संविधानको आवरणभित्रै निर्दलीय तथा तानाशाही शैलीको अभ्यास हुने खतरा देखिन थालेको छ। आम नागरिकले यसको गहिराइ तत्काल नबुझ्न सक्लान्, तर लोकतान्त्रिक अधिकार क्रमशः कमजोर बन्दै जाँदा पछुताउनुपर्ने भएका थिएनन्। त्यसैले केवल राजनीतिक दल हटाउँदैमा सुशासन आउने विश्वास भ्रमपूर्ण हुन सक्छ ।


बहुदलीय लोकतन्त्रमा कमजोरी अवश्य हुन्छन्, तर सुधारको सम्भावना पनि त्यहीभित्र रहन्छ। जनताले सरकार परिवर्तन गर्न सक्छन्, आलोचना गर्न सक्छन् र आफ्ना अधिकारका लागि संगठित हुन सक्छन्। तर निरंकुश व्यवस्थामा सम्पूर्ण शक्ति सीमित व्यक्तिमा केन्द्रित हुन्छ। त्यस्तो अवस्थामा अभिव्यक्ति स्वतन्त्रता, राजनीतिक अधिकार र नागरिक स्वतन्त्रता क्रमशः कमजोर बन्छन्।

अहिलेको पुँजीवादी व्यवस्थामाथि पनि व्यापक प्रश्न उठिरहेका छन्। पुँजीलाई सर्वोच्च मानिने व्यवस्थामा धन संकलन लगाउने तथा "हुकुमी शैली" अपनाउने संकेत देखिएको आरोप उठ्न थालेको छ। यदि राजनीतिक दललाई नै अनावश्यक देखाउने प्रयास गरियो भने त्यसले संविधानको बहुदलीय चरित्र कमजोर पार्न सक्छ।

विशेषगरी सुकुम्बासी बस्ती हटाउने कार्य, कठोर प्रशासनिक शैली र राजनीतिक दलप्रति गरिएको अविश्वासपूर्ण अभिव्यक्तिले समाजमा थप विभाजन सिर्जना गर्ने खतरा देखिएको छ। लोकतन्त्रमा असन्तोष समाधान गर्ने माध्यम संवाद, कानुन र जनसहभागिता हो; बल प्रयोग वा एकपक्षीय निर्णय होइन।

आज सबैभन्दा ठूलो चुनौती जनताले लामो संघर्षपछि निर्माण गरेको संविधानको रक्षा गर्नु हो। गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीता र लोकतान्त्रिक अधिकारजस्ता उपलब्धि कमजोर पार्ने कुनै पनि प्रयासप्रति सबै सचेत हुनुपर्छ। लोकतान्त्रिक शक्तिहरुबीच संवाद, सहकार्य र आत्मसमीक्षा आजको आवश्यकता हो।

यसका लागि पुराना राजनीतिक दलहरुले पनि आफ्ना कमजोरी स्वीकार गर्नुपर्छ। सत्ता, भ्रष्टाचार र अवसरवादले जनताको विश्वास कमजोर बनाएको यथार्थबाट उनीहरु भाग्न मिल्दैन। जनताले विकल्प खोज्नुको मुख्य कारण दलहरुको असफल व्यवहार पनि हो। त्यसैले लोकतन्त्र जोगाउने पहिलो सर्त भनेकै लोकतान्त्रिक शक्तिहरुको आत्मसुधार हो।




अवस्था आउन सक्छ। त्यसैले अहिले देशका बुद्धिजीवी, पत्रकार, नागरिक समाज तथा लोकतान्त्रिक चेत भएका वर्गले समयमै सचेत भएर आवाज उठाउन आवश्यक छ।

नेपालका राजनीतिक दलहरुले विगतमा गरेका कमजोरी, भ्रष्टाचार र सत्ता केन्द्रित प्रवृत्तिले जनतामा व्यापक निराशा पैदा गरेको सत्य हो। यही असन्तोषका कारण कतिपय मानिसले "कडा शासक" वा "निर्दलीय शक्तिशाली शासन" आवश्यक भएको तर्क गर्न थालेका छन्। भ्रष्टाचार अन्त्य गर्न कठोर शासन चाहिन्छ भन्ने सोच समाजमा विस्तार हुँदै गएको देखिन्छ।

तर इतिहासले देखाइसकेको छ– निरंकुश शासन कुनै पनि समस्याको दीर्घकालीन समाधान होइन। नेपालले लामो समय निर्दलीय पञ्चायती व्यवस्था भोगिसकेको छ। त्यतिबेला पनि भ्रष्टाचार, शक्ति दुरुपयोग र विदेशी प्रभाव समाप्त नै मुख्य उद्देश्य बन्न पुग्छ। त्यसले मानिसलाई सामाजिक उत्तरदायित्वभन्दा व्यक्तिगत लाभतर्फ धकेल्छ। शिक्षा, स्वास्थ्य र न्यायजस्ता आधारभूत सेवा समेत पैसासँग जोडिँदा आम नागरिकको जीवन कष्टकर बन्दै गएको अनुभव समाजले गरिरहेको छ।

यही कारणले समाजवादी तथा सामूहिक उत्तरदायित्वमा आधारित प्रणालीको बहस पनि बलियो बन्दै गएको छ। श्रमजीवी वर्गको अधिकार, सामाजिक न्याय, लैङ्गिक समानता र समान अवसर सुनिश्चित गर्ने व्यवस्थाले मात्र भ्रष्टाचार नियन्त्रण गर्न सक्छ भन्ने धारणा समाजका विभिन्न वर्गमा देखिन्छ।

पछिल्ला दिनमा वर्तमान सरकार र राष्ट्रिय स्वतन्त्र पार्टीको गतिविधिबारे पनि विभिन्न कोणबाट आलोचना भइरहेको छ। राजनीतिक दलहरुलाई कमजोर बनाउने, संवैधानिक शक्तिहरुलाई पाखा

यदि लोकतान्त्रिक मूल्यहरु कमजोर पारिँदै गए र जनताको अधिकार सीमित बनाइयो भने देश फेरि द्वन्द्वतर्फ धकेलिन सक्छ। नेपालजस्तो संवेदनशील भूराजनीतिक अवस्थाको देशमा आन्तरिक अस्थिरताले विदेशी प्रभाव र राष्ट्रिय कमजोरीलाई अझ बढाउन सक्छ।

त्यसैले आज आवश्यक कुरा निराशा होइन, सचेत बहस र लोकतान्त्रिक सुधार हो। लोकतन्त्रमा समस्या हुन सक्छन्, तर समाधान पनि लोकतान्त्रिक प्रक्रियाभित्रै खोजिनुपर्छ। निरंकुशता कुनै विकल्प होइन। संविधान, नागरिक अधिकार र जनताको सार्वभौम अधिकारको रक्षा गर्नु आज सम्पूर्ण सचेत नागरिकको साझा जिम्मेवारी बनेको छ ।

# म्याग्देका ९६ श्रमिक .........

सञ्चित कोष कार्यान्वयनमा ल्याएको गाउँपालिकाले जनाएको छ । उक्त कोष कार्यान्वयनमा ल्याउने म्याग्दे गाउँपालिका गण्डकी प्रदेशको दोस्रो र तनहुँको पहिलो स्थानीय तह हो । यसअघि स्याङ्जाको फेदीखोला गाउँपालिकाले उक्त कोष कार्यान्वयनमा ल्याएको थियो ।

पालिकाको मजदुर सञ्चित कोष सञ्चालन कार्यविधिबमोजिम पालिकाभित्रका १८ देखि ५९ वर्षका दैनिक ज्यालादारीमा काम गर्ने विपन्न मजदुरलाई लक्ष्य गरी कोष स्थापना गरिएको छ । सूचीकृत मजदुरले सार्वजनिक विकास निर्माणका काममा संलग्न हुँदा प्राप्त गर्ने ज्याला रकम अनिवार्य रुपमा बैंकिङ प्रणालीबाट भुक्तानी प्राप्त गर्नेछन् ।

भुक्तानीका क्रममा रकम ज्यालाबाट १५ प्रतिशत कट्टा गरेपश्चात् पालिकाका तर्फबाट १५ प्रतिशत रकम चौमासिक रुपमा मजदुरको बैंक खातामा बचत गर्ने व्यवस्था छ । उक्त मजदुरले पालिकाबाट थप हुने १५ प्रतिशत रकमबाहेक स्वास्थ्य बीमा लगायतका अन्य सुविधा पाउने व्यवस्था गरिएको छ ।

**उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।**

## तपाईंको आज

| मेष | वृष | मिथुन |
|---|---|---|
| पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्। | आँटले काम बन्नुका साथै मनग्य धन आर्जन हुनेछ। विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। | रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। |

| कर्कट | सिंह | कन्य |
|---|---|---|
| समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ। आफ्नै कमजोरीले इष्टमित्र टाढिन सक्छन्। | रोकिएका काम पुनः प्रारम्भ गर्न सकिनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरुले हार खानेछन्। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ। | आम्दानी बढढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन्। गरेको कामले राम्रै लाभ दिलाउनेछ। |

| तुला | वृश्चिक | धनु |
|---|---|---|
| दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ। गरिएका कामको राम्रै मूल्यांकन हुनेछ। | विभिन्न अवसर प्राप्त हुनुका साथै कीर्तिमानी काम गर्ने समय छ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। | शुभचिन्तकहरुको सहयोग जुट्न सक्छ। अरुलाई प्रभावित पारेर काम बनाउने समय छ। |

| मकर | कुम्भ | मीन |
|---|---|---|
| आँटेका काममा साथ दिनेहरु प्रशस्तै भेटिनेछन्। परिवारजनको साथले थप उत्साह जगाउनेछ। | काममा लगानी गर्न केही समय प्रतीक्षा गर्नुहोला। पढाइलेखाइमा पनि समय दिन नसकिएला। | गोपनीयता बाहिरिनाले समस्या पर्नेछ। सामान्य काममा धन र श्रम खर्चनुपर्ला। |

# नीति तथा कार्यक्रम : नेताहरूको मिश्रित प्रतिक्रिया

रासस/काठमाडौं

सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको नीति तथा कार्यक्रमबारे विभिन्न राजनीतिक दलका नेताहरूबाट मिश्रित प्रतिक्रिया प्राप्त भएको छ । संघीय संसद्का दुवै सदनको संयुक्त बैठकमा सोमबार राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रस्तुत नीति तथा कार्यक्रममा प्रतिक्रिया दिंदै उद्योग तथा वाणिज्य, श्रम तथा उपभोक्ताहित समितिका सभापति रहबर अन्सारीले नवीनतम विषयवस्तु समेटिएकाले नीति तथा कार्यक्रम प्रगतिशील रहेको प्रतिक्रिया दिनुभयो ।

उहाँले भन्नुभयो, "यसपालि नयाँ प्रकारको बजेट आउँछ । विगत लामो समयदेखि अड्किएका धेरै विषयवस्तुलाई बजेटले खुकुलो तुल्याउँछ ।" स्वतन्त्र सांसद महावीर पुनले नीति तथा कार्यक्रममा सबै विषयवस्तु मेटिएकाले समग्रमा राम्रो रहेको प्रतिक्रिया दिनुभयो । यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद खुस्बु ओलीले नीति तथा कार्यक्रममा समेटिएका विषयवस्तु राम्रा भए पनि कार्यान्वयनका आधारमा मूल्याङकन गर्न उपयुक्त हुने प्रतिक्रिया दिनुभयो ।

उहाँले भन्नुभयो, "नीति तथा कार्यक्रम जहिले पनि राम्रो आउँछ, मुख्य विषय भनेको कार्यान्वयन हो, त्यो कस्तो हुन्छ हेर्नुपर्ने हुन्छ।"

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज गुरूङकले नीति तथा कार्यक्रममा विभिन्न विषयका नवीनतम कार्यक्रम उल्लेख भए पनि त्यसका लागि स्रोत कसरी जुटाउने भन्ने स्पष्ट नदेखिएको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "नीति तथा कार्यक्रममा समेटिएका कतिपय विषयवस्तु फरक छन् । यस्तो गर्ने, उस्तो गर्ने भनिए पनि कसरी गर्ने, कहाँबाट स्रोत जुटाउने भन्ने प्रष्ट दृष्टिकोण देखिन्न। अब बजेट कस्तो आउँछ हेर्नुपर्छ।"

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद पुष्पराज कँडेलले नीति तथा कार्यक्रम विषयवस्तुका हिसाबले हिजोको निरन्तरताका रूपमा रहेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "विगतको निरन्तरका रूपमा नीति तथा कार्यक्रम आएको छ, केही नयाँ विषय पनि परेका छन् । बाँकी कार्यक्रम कार्यान्वयनका आधारमा मूल्याङ्कन हुनुपर्छ ।"



**बच्चाको तौल लिइदै :** राष्ट्रिय पोषण अभियान कार्यक्रम अन्तर्गत तनहुँको ऋषिङ गाउँपालिका-६ को जैसीहटिया आधारभूत स्वास्थ्य सेवा केन्द्रमा बच्चाको तौल मापन गरिदै । *तस्विर : भञ्ज्याङ*

# आगामी आवको नीति .........

नेपाललाई "टेक हब" बनाउने लक्ष्य सरकारले लिएको छ। "स्टार्टअप नेपाल पोर्टल" मार्फत एकै दिनमा कम्पनी दर्ता, कर छुट र बिउ पुँजी उपलब्ध गराउने व्यवस्था गरिने भएको छ।

**कृषि आधुनिकीकरण र आत्मनिर्भरता**

सरकारले कृषिलाई सम्मानजनक तथा उद्यमशील पेसाका रूपमा विकास गर्ने नीति लिएको छ। कृषि उत्पादन वृद्धि, आयात प्रतिस्थापन तथा खाद्यान्न आत्मनिर्भरतालाई केन्द्रमा राखेर कृषि आधुनिकीकरणलाई तीव्रता दिइने भएको छ। बाली लगाउनुअघि नै प्रमुख कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकिने र किसानको बैंक खातामा प्रत्यक्ष भुक्तानी गरिने व्यवस्था गरिनेछ। भूमि बैंक प्रणालीमार्फत बाँझो जमिन उपयोग गरिने तथा युवा, महिला, भूमिहीन र साना किसानलाई प्राथमिकता दिइने नीति लिइएको छ। किसान सूचीकरण, परिचयपत्र र क्रेडिट कार्डमार्फत सहुलियतपूर्ण वित्तीय पहुँच विस्तार गरिने सरकारको घोषणा छ।

**वन, वातावरण र हरित अर्थतन्त्र**

सरकारले वन क्षेत्रलाई हरित अर्थतन्त्रसँग जोड्दै काठ, जडीबुटी, कार्बन व्यापार र वन पर्यटनको विकास गर्ने नीति लिएको छ। "नेपाल कार्बन प्राधिकरण" गठन गरी रेड प्लस कार्यक्रम विस्तार गरिने भएको छ । वन डढेलो नियन्त्रणका लागि "वन डढेलो उच्च सतर्कता केन्द्र" स्थापना गरिने र ड्रोन तथा स्याटलाइटमार्फत निगरानी गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। "नेट जिरो २०४५" लक्ष्य कार्यान्वयनका लागि क्षेत्रगत कार्ययोजना तयार गरिने भएको छ।

**ऊर्जा र जलस्रोत विकास**

सरकारले आगामी दशकमा ३० हजार मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य लिएको छ। जलविद्युत् आयोजनाका लागि ऊर्जा, वन र भूमि सम्बन्धी कानुन परिमार्जन गरी एकद्वार प्रणाली लागू गरिने भएको छ। ऊर्जा उत्पादन, प्रसारण र व्यापारमा निजी क्षेत्रको सहभागिता विस्तार गरिने तथा अन्तरदेशीय ऊर्जा व्यापारलाई प्राथमिकता दिइने नीति सार्वजनिक गरिएको छ। ग्रिन हाइड्रोजन, हरित अमोनिया तथा हरित उद्योग प्रवर्द्धनका लागि कर छुट, सहुलियतपूर्ण विद्युत दर तथा लगानी प्रोत्साहन उपलब्ध गराइने भएको छ।

**पर्यटन प्रवर्द्धन र 'देवभूमि नेपाल' अभियान**

सरकारले नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न "देवभूमि नेपाल" अभियान सञ्चालन गर्ने घोषणा गरेको छ। पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथ क्षेत्रलाई आध्यात्मिक कूटनीतिसँग जोडिने भएको छ। "भिजिट नेपाल २०८५" अभियानको पूर्वतयारीस्वरूप पर्यटक आगमन, बसाइ अवधि र खर्च वृद्धि गर्ने नीति लिइएको छ । सामुदायिक होमस्टे, स्थानीय कला र संस्कृति प्रवर्द्धनमार्फत पाँच हजार नयाँ होमस्टेलाई "नेपाल होमस्टे" ब्रान्डिङ गरिने भएको छ।

**रोजगारी र श्रम सुधार**

सरकारले "रोजगार प्रवर्द्धन दशक" घोषणा गर्दै वैदेशिक रोजगारीलाई बाध्यताबाट विकल्पमा रूपान्तरण गर्ने नीति लिएको छ। "कमाउँदै सिक्दै" अवधारणामा आधारित राष्ट्रिय अप्रेन्टिससिप कार्यक्रम सञ्चालन गरिने भएको छ भने नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्न सकिने "रिमोट वर्क नीति"को कानुनी व्यवस्था गरिनेछ। वैदेशिक रोजगारबाट फर्किएका युवाको सीप अभिलेखीकरणका लागि "डिजिटल सीप पासपोर्ट" लागू गरिने भएको छ।

**शिक्षा सुधार र डिजिटल सिकाइ**

माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने नीति सरकारले दोहोऱ्याएको छ। सार्वजनिक शिक्षामा दीर्घकालीन लगानी वृद्धि गरिने तथा निजी विद्यालयलाई सेवामुखी र गुणस्तर केन्द्रित बनाइने उल्लेख गरिएको छ। दश हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट, डिजिटल सामग्री तथा कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गरिने भएको छ। विद्यालय नक्साङ्कन, शिक्षक दरबन्दी मिलान तथा प्रयोगशाला सुधारलाई एकीकृत योजनामार्फत कार्यान्वयन गरिने सरकारको योजना छ।

**स्वास्थ्य क्षेत्रमा संरचनात्मक सुधार**

सरकारले स्वास्थ्य बिमा कार्यक्रम पुनर्संरचना गर्ने घोषणा गरेको छ। "सेन्टर फर डिजिज कन्ट्रोल" र "राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण" स्थापना गरिने भएको छ। टेलिहेल्थ सेवा विस्तार गरी दुर्गम क्षेत्रका नागरिकलाई विशेषज्ञ परामर्श उपलब्ध गराइने नीति लिइएको छ। क्यान्सर लगायत नसर्ने रोग नियन्त्रणका लागि रोकथाम, जनचेतना र नियमित परीक्षणमा जोड दिइने भएको छ। मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अङ्गका रूपमा विकास गरिने कार्यक्रम पनि सार्वजनिक गरिएको छ।

**पूर्वाधार, यातायात र सहरी विकास**

सरकारले हुलाकी राजमार्ग, पुष्पलाल मध्यपहाडी लोकमार्ग तथा उत्तर-दक्षिण सडक सञ्जाल विस्तारलाई तीव्रता दिने जनाएको छ। काठमाडौं-तराई मधेश द्रुतमार्ग शीघ्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। काठमाडौंमा 'बस र्यापिड ट्रान्जिट' (बीआरटी) प्रणालीको विस्तृत डिजाइन तथा कार्यान्वयन प्रक्रिया सुरू गरिने भएको छ। पूर्व-पश्चिम विद्युतीय रेलमार्गलाई निरन्तरता दिइने तथा केरूङ-काठमाडौं र रक्सौल-काठमाडौं रेलमार्गको अध्ययन अगाडि बढाइने नीति लिइएको छ।

**डिजिटल सुशासन र भ्रष्टाचार नियन्त्रण**

सरकारले "एक पटकको विवरण सबै सेवामा प्रयोग" भन्ने सिद्धान्तमा आधारित डिजिटल डाटाबेस विकास गर्ने घोषणा गरेको छ । एक सयभन्दा बढी सरकारी सेवा "नागरिक एप" मार्फत उपलब्ध गराइने भएको छ। डिजिटल हस्ताक्षर, अनलाइन सेवा र समयबद्ध निर्णय प्रणालीमार्फत सेवा प्रवाहलाई सहज बनाइने सरकारको दाबी छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई थप सुदृढ बनाइने तथा उच्च पदस्थ पदाधिकारीको सम्पत्ति विवरण वार्षिक रूपमा सार्वजनिक गरिने नीति सार्वजनिक गरिएको छ।

**निजामती प्रशासनमा कडाइ**

सरकारले निजामती सेवामा ट्रेड युनियन खारेज गर्ने घोषणा गरेको छ। सरकारी कर्मचारी राजनीतिक गतिविधिमा संलग्न भएमा भविष्यमा समेत सरकारी सेवाका लागि अयोग्य ठहरिने व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। योग्यतामा आधारित नियुक्ति, कार्यसम्पादन मूल्याङ्कन र प्रोत्साहन प्रणाली लागू गरिने सरकारको योजना छ।

**परराष्ट्र नीति र डायस्पोरा**

सरकारले असंलग्नता र पञ्चशीलका सिद्धान्तमा आधारित सन्तुलित कूटनीति अपनाउने जनाएको छ। विदेशस्थित नेपाली नियोगमार्फत "ब्रान्ड नेपाल अभियान" सञ्चालन गरी नेपाली वस्तु, सेवा, संस्कृति तथा पर्यटन प्रवर्द्धन गरिने नीति लिइएको छ। गैरआवासीय नेपालीको लगानी आकर्षित गर्न कानुनी सुरक्षा, वित्तीय सहजता तथा "डायस्पोरा विज्ञ सञ्जाल" स्थापना गरिने भएको छ।

**लोकतान्त्रिक गणतन्त्र सुदृढीकरण सरकारको मार्गदर्शन**

नीति तथा कार्यक्रमको अन्त्यमा सरकारले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणलाई आफ्नो मार्गदर्शन सिद्धान्तका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ। सरकारले राजनीतिक स्थिरतालाई "दुर्लभ अवसर" का रूपमा उपयोग गर्दै उत्तरदायी शासन, आर्थिक रूपान्तरण र समुन्नतिमुखी सुशासनलाई राष्ट्रिय संस्कृतिका रूपमा संस्थागत गर्ने लक्ष्य लिएको जनाएको छ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com


## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**जेठ ०१ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**जेठ ०२ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



## एकदेव आले स्मृति तथा चिन्तन प्रतिष्ठान, नेपाल

व्यास नगरपालिका-३, दमौली, तनहुँ

### १०औं अधिवेशन सम्बन्धी अत्यन्त जरूरी सूचना

यस एकदेव आले स्मृति तथा चिन्तन प्रतिष्ठान, नेपालको १०औं अधिवेशन निम्न मिति, समय र स्थानमा आयोजना हुन गइरहेको व्यहोरा सहर्ष जानकारी गराइन्छ । उक्त गरिमामय कार्यक्रममा उपस्थितिका लागि सम्पूर्ण पदाधिकारीज्यूहरु, संरक्षक, सल्लाहकार, आजीवन सदस्य तथा साधारण सदस्यज्यूहरूलाई पत्राचार, टेलिफोन तथा सामाजिक सञ्जालमार्फत निमन्त्रणा पठाइसकिएको छ । यदि प्राविधिक कारणवश यहाँहरूलाई सूचना प्राप्त नभएको भए, यसै सूचनालाई आधिकारिक निमन्त्रणा मानी उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**मिति** : २०८३ साल जेष्ठ १५ गते शुक्रबार ।
**समय** : बिहान ठीक ११:०० बजे
**स्थान** : प्रतिष्ठानको कार्यालय, व्यास-३, दमौली, तनहुँ ।

**सदस्यता नवीकरण सम्बन्धमा :**
सदस्यता नवीकरण गर्नुहुन बाँकी रहेका आदरणीय सदस्यज्यूहरूले २०८३ जेष्ठ १० गते आइतबार ५:०० बजेभित्र प्रतिष्ठानको कार्यालयमा उपस्थित भई नवीकरण प्रक्रिया पूरा गरिदिनुहुन समेत यसै सूचनाद्वारा विनम्र अनुरोध गरिन्छ ।



**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।

**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**सडक ढलान** : तनहुँको शुक्लागण्डकी नगरपालिका-११ स्थित नमुना मोटर मार्गको ढलान गरिदै । चालु आर्थिक वर्षमा नगरपालिकाले विनियोजन गरेको २० लाख रूपैयाँ सडक ढलान कार्य गर्न लागिएको हो ।

*तस्बिर : भञ्ज्याङ*

# खरायो पैंचो कार्यक्रम : किसानलाई खरायोका बच्चा सहयोग

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

तनहुँको व्यास नगरपालिका-१३ का ११ जना किसानलाई न्याबिट कर्न्सन नेपालले तीनवटाका दरले ३३ वटा खरायोका बच्चा सहयोग गरिएको छ ।

कर्न्सनकी निर्देशक पूजा पौडेलले वडाध्यक्ष वसन्तबहादुर आलेलाई केजसहित क्यालिफोर्निया जातको खरायोका बच्चा हस्तान्तरण गरेकी हुन् । खरायो पैंचो कार्यक्रम नेपालमै पहिलोपटक यस क्षेत्रमा सुरूआत गरिएको र आउँदा दिनमा विस्तार गर्दै लैजाने योजना रहेको निर्देशक पौडेलले बताइन् ।

उनले भनिन् "यस कार्यक्रम अन्तर्गत खरायोले बच्चा जन्माएपछि तीनवटा उक्त संस्थालाई हस्तान्तरण गर्नुपर्ने हुन्छ, बाँकी रहेका खरायो आफूखुसी बिक्रीका साथै उत्पादन वृद्धि गर्न सकिनेछ ।"

यसरी फिर्ता गरिएका खरायोका बच्चा पुनः अन्यत्र सहयोग गरिने सो संस्थाले जनाएको छ । केही वर्षअघि खरायोका मासु बिक्री नभएर किसान चिन्तित भएको अवस्थामा अहिले मागअनुरूप पूर्ति गर्न नसकिएको न्याबिट कर्न्सन नेपालका संरक्षक किरण पौडेलले बताउनुभयो । पोथी खरायोले छ महिनामा भाले लिन तयार हुन्छन्, एकपटकमा चार वटादेखि बाह्र वटासम्म बच्चा जन्माउन सक्ने क्षमता हुन्छ ।

भाले लिएको ३० दिनभित्र पोथी खरायो ब्याएपछि नौ/दश दिनसम्म दूध खुवाउनुपर्छ, त्यसपछि घाँस, मकै र पानी खुवाएर पाल्न सकिन्छ । उनले भनिन्, "चार महिनामा दुईदेखि पाँच किलोग्रामसम्म तौल हुने र जिउँदो प्रतिकिलोग्राम २५० देखि ३०० रूपैयाँसम्ममा बिक्री हुने गरेको छ ।"

गरिबी निवारणका लागि व्यावसायिक रूपमा अघि बढाउन संस्थाको लगानीमा किसानलाई केजसहित खरायोका बच्चा सहयोग गरिएको संरक्षक पौडेलले बताए। अन्य पशुको तुलनामा खरायोको मृत्युदर कमी हुन्छ । विश्वमै पाइने चारखुट्टे जनावरमध्ये यसको मासु उत्तम र फाइदाजनक मानिन्छ ।

**किन पाल्ने खरायो ?**

थोरै लगानीबाट सुरु गर्न सकिने व्यवसायका रुपमा खरायोपालनलाई लिन सकिन्छ । कम मिहिनेत र सानो क्षेत्रफलमा व्यवसाय सञ्चालन गर्न सकिने भएकाले निम्न वर्गका मानिसले पनि खरायो पाल्न र आम्दानी लिन सक्नेछन् । पाहुना सत्कार एवं आम्दानीको स्रोत, घरायसी आहारा (घाँस एवं अन्नपात), बहुआयामिक उपयोग (मासु, छाला,




ऊन, मल) प्रयोग गर्न सकिने न्याबिट कर्न्सन नेपालका संरक्षक किरण पौडेलले बताइन् ।

स्थानीय सामग्रीबाट खोर निर्माण गर्न सकिने थोरै माउ खरायोबाट निरन्तर उत्पादन हुने, कुपोषणको अन्त्य र गरिबी निवारणमा सघाउ पुग्नुका साथै रोजगारीको सरल माध्यमका रूपमा यस व्यवसायलाई लिन सकिन्छ। मासु आयात प्रतिस्थापन गर्दै निर्यातको समेत सम्भावना रहेकाले भावी दिनमा मासु, ऊन र छालाजन्य हस्तकला उद्योग सञ्चालन गर्न सकिने अपेक्षा गरिएको छ ।

**खरायो मासुका बिशेषता**

मासु स्वादिलो एवं स्वस्थकरका साथै सेतो मासु वर्गमा प्रमुख, सुपाच्य प्रोटिनको प्रचुरता र न्यून कोलेस्ट्रोल एवं चिल्लो पदार्थ पाइने संरक्षक पौडेल बताउनुहुन्छ । न्यूनतम क्यालोरी ओमेगा-३ को स्रोत प्रशस्त पाइन्छ। मानव शरीरका लागि आवश्यक क्याल्सियम, फस्फोरस पोटासियम, आइरनको उपलब्धता हुन्छ भने मुटु, दम, मधुमेहलगायत रोगमा लाभदायी हुने भएकाले खरायोको मासुको माग बढ्दो अवस्थामा रहेको पाइन्छ ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

## facebook twitter



**Vijay Kumar Panday**
x.com/Vijaykumarko

राष्ट्रपतिको उपस्थितिमा प्रधानमन्त्रीले बालेन्द्र शाहले आज संसदमा जे-जस्तो व्यवहार गरे, त्यसका निम्ति संविधानका संरक्षक राष्ट्रपति पौडेलले या त प्रधानमन्त्रीलाई सचेत गराउनुपर्छ, या आफ्नो पद त्याग गरी राष्ट्रपति पदको लाज जोगाउनुपर्छ।
साथै, सभामुख डीपी अर्याल, यति सब भइसकेपछि तपाईं भोलिका लागि आज केही नभएकोझैँ लाज पचाएर सदन चलाउनुहुन्छ कि रूलिङ दिनुहुन्छ? गगन थापा र एमाले पनि ङिच्च हाँसेर बस्ने त होलान्।
रास्वपाका सांसदलाई धेरै भन्नु नै छैन। किनभने राष्ट्रिय स्वतन्त्र पार्टीमा दुई जना मात्र सांसद स्वतन्त्र छन्- रवि लामिछाने र पार्टीभन्दा माथि रहेका बालेन शाह। आजपछि त मलाई लाग्न थाल्यो, रास्वपामा जम्मा एउटा सांसद छ । त्यो पनि पार्टीभन्दा माथि विराजमान, राष्ट्रपतिभन्दा माथि आसिन ।
बधाई छ, प्रिय बालेन शाह- घन्टी पार्टी र अरु पार्टीका कायर, लोभी, सिद्धान्तहीन र नामर्दहरूको जत्थालाई एकै पटक ऐना देखाइदिएकोमा बधाई छ । सायद यिनीहरु, यो समाज र यो संसद यही लायक हुन् कि ?
एउटा संसद भवन अस्ति जलेर सकियो। अर्को संसदको चीरहरण आज भयो। बधाई छ, रवि- एउटा मात्रै सांसद भएको पार्टीको सभापति भएकोमा बधाई छ ।

# एसईई २०८२ को नतिजा सार्वजनिक : ३.६० देखि ४ जीपीए ल्याउने ४८,३९२ जना

**भञ्ज्याङ समाचारदाता/काठमाडौं**

राष्ट्रिय परीक्षा बोर्डले एसईई २०८२ को नतिजा सार्वजनिक गरेको छ । एसईईमा ६५.९८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको शिक्षा सचिव चुडामणि पौडेलले जानकारी दिए। यसपालि ४.१७ प्रतिशतले नतिजामा सुधार आएको हो । गत वर्ष एसईईमा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए ।

एसईई २०८२ मा जीपीए १.६० देखि २ जीपीए ल्याउने विद्यार्थी ७ जना रहेका छन् । यस्तै, २ देखि २.४० जीपीए ल्याउने ५,१९० जना, जीपीए २.४० देखि २.८० ल्याउने ५५,९७७ जना, जीपीए २.८० देखि ३.२० ल्याउने ९,४२२ जना, जीपीए ३.३० देखि ३.६० ल्याउने ८०,३७२ जना, जीपीए ३.६० देखि ४ जीपीए ल्याउने ४८, ३९२ र नन ग्रेडेडमा १,४६,५०७ गरी जम्मा ४,३०,६६७ विद्यार्थी उत्तीर्ण भएका हुन् ।

चाँडो नतिजा प्रकाशन गर्न यसपालि परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण व्यवस्था मिलाइएको थियो । बोर्डले परीक्षा सकिएको २९ दिनमा सोमबार राति एसईईको नतिजा सार्वजनिक गरेको हो ।

चैत २९ गते सकिएको एसईईमा ५ लाख १२ हजार ४ सय २१ जना विद्यार्थी सहभागी भएका थिए । जसमा २ लाख ५७ हजार ६१३ जना छात्रा, २ लाख ५४ हजार ८ सय १ छात्र र ७ जना अन्य विद्यार्थी परीक्षामा सहभागी भएका थिए । जापानको एभरेस्ट स्कुलबाट २३ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । देशभर १ हजार ९ सय ६६ परीक्षा केन्द्रमा परीक्षा सञ्चालन भएको थियो ।

**असार १ गतेदेखि पूरक परीक्षा सञ्चालन गरिने**

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा असफल भएकाहरूका लागि पूरक परीक्षा सञ्चालन गर्ने मिति तय




गरेको छ । बोर्डले सोमबार सार्वजनिक गरेको नतिजासँगै पूरक परीक्षा असार १ गतेदेखि सञ्चालन गर्ने जानकारी गराएको हो ।

बोर्डका अनुसार पूरक परीक्षा असार ९ गतेसम्म सञ्चालन हुनेछ। नन-ग्रेडेड (एनजी) भएका विद्यार्थीलाई लक्षित गर्दै परीक्षा सञ्चालन गर्न लागिएको जनाइएको छ । यस वर्षको एसईईमा नियमिततर्फ चार लाख ३० हजार ६६७ विद्यार्थी सहभागी भएका थिए। जसमध्ये दुई लाख ८४ हजार १६० विद्यार्थी ग्रेडेड भएका छन् भने एक लाख ४६ हजार ५०७ विद्यार्थी नन-ग्रेडेड भएका छन् । राष्ट्रिय परीक्षा बोर्डले पूरक परीक्षाको विस्तृत कार्यतालिका तथा परीक्षा केन्द्रसम्बन्धी जानकारी छिट्टै सार्वजनिक गरिने जनाएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४